कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः ४ सङ्ख्याः २० प्रकाशन मितिः २०७९/०७/२९

कार्यपालिकावाट स्वीकृत मिति २०७९/०७/२८

## भाग - २

**कनकाई नगर अस्पताल सञ्चालनसम्बन्धी**

**कार्यविधि, २०७९**

**प्रस्तावनाः**

नगर अस्पतालबाट उपलब्ध गरिने सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम् सदुपयोग गरी सेवालाई व्यवस्थित, जनमुखि र प्रभावकारी बनाउन स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानिय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संबिधान, २०७२ को धारा २१४ बमोजिम स्थानिय सरकार सञचालन ऐन, २०७४ को दफा ११(२)(झ) प्रयोग गरी कनकाई नगरपालिकाले यो कार्यबिधि बनाई नगर कार्यपालिकाको मिति २०७९।०७।२८ गतेको बैठकबाट यो "नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि २०७९" स्वीकृत गरी लागु गरिएको छ।



## परिच्छेद-१

### नाम, प्रारम्भ, परिभाषा र छाप

**१. नाम र प्रारम्भः**

क)यो कार्यविधिको नामः "नगर अस्पताल सञ्चालनसम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

ख) यो कार्यविधि तुरून्त लागु हुनेछ।

**२. परिभाषाः**

क)"प्रमुख"भन्नाले कनकाई नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

ख)" उप-प्रमुख" भन्नाले कनकाई नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।

ग)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ)" नगरपालिका"भन्नाले कनकाई नगरपालिका सम्झनु पर्छ।

ङ)"अस्पताल"भन्नाले कनकाई नगरपालिका भित्र रहेका १५ शैया सम्मका नगर अस्पताल सम्झनु पर्छ।

च)" समिति "भन्नाले दफा ६ बमोजिमको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न गठन भएको
समितिलाई सम्झनु पर्छ।

ज)" पदाधिकारी "भन्नाले समितिका अध्यक्ष लगायतका व्यक्त्ति वा पदाधिकारी सम्झनु पर्छ।

झ)" संरक्षक "भन्नाले समितिले तोकेबमोजिमको चिन्ह र छाप हुनेछ।

**३.छापः** समितिको छाप नेपाल सरकारले तोके बमोजिमको चिन्ह र छाप हुनेछ।

## परिच्छेद- २

### उदेश्य

**४.नगर असपताल व्यवस्थापन तथा सञ्चालनको उदेश्यहरुः**

क) प्राथमिक स्वास्थ्य सेवालाई जनताको आधारभुत अधिकारको रुपमा स्थापित गर्ने।

ख) उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी छिटो र प्रभावकारी सेवा जनतालाई उपलब्ध गराउने।

ग) स्वास्थ्य सेवालाई सरल, सुलभ र पहुँचयोग्य बनाउने।

## परिच्छेद- ३
## समितिको गठन

**५. समितिको गठनः** नगर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागी एक नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क) बुध्दिजिवि, समाजसेवी वा समाजका लब्धप्रतिष्ठित ब्यक्तिहरु मध्यबाट नगर प्रमुखले तोकेको ब्यक्ति - अध्यक्ष ।

ख) सम्बन्धित वडाका वडा अध्यक्ष – उपाध्यक्ष ।

ग) नगरपालिकाको प्रशासन हेर्ने अधिकृत स्तरको कर्मचारी १ जना – सदस्य।

घ) स्वास्थ्य सेवा क्षेत्रमा विज्ञता हासिल गरेका मध्येबाट कार्यपालिकाले तोकेको २ जाना – सदस्य।

ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य ।

च) महिला सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जाना – सदस्य ।

छ) नगरपालिका भित्रका महिला स्वास्थ्य स्वायम सेवीकाहरु मध्यबाट कार्यपालिले तोकेको १ जना – सदस्य।

ज) अस्पतालका मेडिकल सुपरीटेण्डेण्ट – सदस्य सचिव।

## परिच्छेद- ४
## समितिको पदावधी

**६. समितिको पदावधीः**

क) समितिको पदावधी प्रमुखको पदावधी रहेसम्म रहने छ।

ख) प्रमुखले मनोनित गरेको सदस्यको पदावधी २ बर्षको हुनेछ।

ग)सदस्य सचिवको पदावधी सम्बन्धित स्वास्थ्य संस्थाको हैसियतमा रहेसम्म कायम रहने छ।





## परिच्छेद – ५
## बैठक सम्बन्धी व्यवस्था

**७. बैठक सम्बन्धी व्यवस्थाः**

क) समितिको बैठक अध्यक्षको आदेशमा सदस्य सचिवले बोलाउने छ।

ख) समितिको बैठक सामान्यतया एक महिनाको एक पटक वा आवश्यक परे बमोजिम बस्नेछ।

## परिच्छेद – ६
## समितिको काम कर्तव्य र अधिकार

**८. समितिको काम कर्तव्य र अधिकारः**

क) संघिय, प्रदेश तथा नगरपालिकाले बनाएको ऐन, नियम तथा निर्देशिका अनुसार अस्पताल सञ्चालन गर्ने
गराउने।

ख) नगर अस्पताल सञ्चालन गर्न आवश्यक निति योजना बनाई कार्यान्वयन गर्ने गराउने।

ग) नगर अस्पतालको प्रतिवेदनको समिक्षा गर्ने, सुझाव दिने तथा संस्थाको आवश्यक योजना बनाई सोको आधारमा कार्यान्वयन गर्ने।

घ) नगर अस्पताललाई आवश्यक निर्देशन दिने।

ङ) नगर अस्पतालका कार्यरत कर्मचारीको व्यवस्थापन गर्न नगर भित्र रहेका नगर अस्पतालको स्वीकृत दरबन्दिकोसमान पदमा सरुवा गर्न, काजमा खटाउन नगरपालिकामा सिफारीश गर्ने।

च) नगर अस्पतालमा कार्यरत कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अबलम्बन गर्नेगराउन लगाउने ।

छ) बैठकले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखि पठाउनु पर्ने रहेछभने लेखि पठाउने / पठाउन लगाउने।

ज) कार्यक्रमको लक्ष्य वा उदेश्यका बारेमा वान्छित उपलब्धि भए/नभएको मुल्यांङ्कन तथा समिक्षा गर्ने।

झ) माथिल्लो निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरुको जानकारी र कार्यान्वयन गर्ने।

ञ) नगर अस्पतालमा रहेका भौतिक सम्पति, उपकरण तथा औषधिहरुको समुचित संरक्षण र प्रयोग गर्ने।

ट) सेवाको गुणस्तरमा ध्यान दिने वा त्यस्ता कार्यक्रममा सहभागी हुने वा गराउने।

ठ) जनसहभागीता जुटाई स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम गर्ने।

ड) स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरुको तत्काल समाधान गर्ने।

च) नगर अस्पतालको आर्थिक श्रोतको ब्यवस्थापन, परीचालन र खर्चको अनुमोदन गर्ने।

## परिच्छेद – ७
## बैठकको गणपुरक संख्या

**९. समितिको बैठकको गणपुरक संख्याः**

क) पहिलो पटकको समितिको बैठक बस्नका लागी ५१% सदस्य उपस्थित भएमा बैठकका लागी गणपुरक संख्या पुगेको मानिन्छ।

ख) पहिलो पटक गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा दोश्रो पटक उपस्थित संख्यालाईनै गणपुरक संख्या मानिने छ।

## परिच्छेद – ८
## समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार।

**१०. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**





क) अध्यक्षको काम, कर्तव्य र अधिकारः

- समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने।
- नगर अस्पतालको दैनिक कार्यको रेखदेख गरी निर्देशन दिने।
- समितिका अन्य पदाधिकारीहरुलाई जिम्मेवारी तोकी काममा लगाउने।
- समितिले तोकेका अन्य काम गर्ने गराउने।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने।

ग) सचिवको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको निर्देशनमा समितिको सचिवको हैसियतले बैठक बोलाउने।
- प्रतिबेदन पेश गर्ने र निर्णय कार्यान्वयन गर्ने।
- प्रशासन प्रमुखको जिम्मेवारी वहन गर्ने।
- नगरकार्यपालिका, समिति तथा स्वास्थ्य शाखा प्रमुखको निर्देशन पालना गर्ने।

घ) सदस्यको काम, कर्तव्य र अधिकारः

- बैठकमा सहभागी हुने।
- समिति तथा अध्यक्षले तोकेको कार्यहरु गर्ने गराउने।
- नगर अस्पतालको सञ्चालन गर्न जनसहभागीता जुटाउन सहयोग गर्ने।

## परिच्छेद – ९
## कर्मचारी व्यवस्थापन

**११. कर्मचारी व्यवस्थापनः**

क) नगर अस्पतालमा हाल कार्यरत कर्मचारी स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमनै हाललाई कार्यरत रहेको मानिने छ।

ख) उपदफा (क) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन कर्मचारी समायोजन ऐन अनुसार हुनेगरी व्यवस्थापन हुनेछ।

घ) प्रचालित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगरपालिका भित्र नगर अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

ङ) नगर अस्पतालमा कर्मचारी अपुग भएमा वा कुनै पद रिक्त भएमा कर्मचारीका लागी नगरपालिका समक्ष माग गरी पठाउन सक्नेछ। तर रिक्त रहेको पदमा नगर अस्पतालले करार सेवामा पद पुर्ति गरि काममा लगाउन सक्नेछ।

च) कर्मचारी नियुक्ति तथा आवश्यक कार्वाही गर्न अधिकार नगर अस्पताल व्यवस्थापन समितिलाई हुनेछ ।

**१२. सेवा सुविधा सम्बन्धी व्यवस्थाः-**

**क)** नगर अस्पतालमा कार्यरत कर्मचारीको सेवा, शर्त र सुविधा नगरपालिकाले तोकेबमोजिम हुनेछ।

**ख)** अस्पतालको स्वीकृत दरबन्दीभित्रका मेडिकल अधिकृतलाई नेपाल सरकारले तोकेको न्युनतम मासिक तलबका अतिरिक्त स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहि प्रति महिना मासिक पचास हजार रूपैया रकम उपलब्ध गराउन सक्नेछ।

**ग)**खण्ड (क) को अतिरिक्तअस्पतालको स्वीकृत दरबन्दीभित्रका मेडिकल अधिकृतलाई अतिरिक्त समय काम गरे बापत दैनिकएक हजार रूपैया रकम अतिरिक्त समय कार्य भत्ता स्वरूप उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद – १०
## बचाउ

**१३. बचाउः**

**क)** यस कार्यविधिमा लेखिएको व्यवस्था बाहेक स्वास्थ्य सेवा ऐन, २०५३, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**ख)** महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवा, शर्त र सुविधा प्रचलित कानुन र नगरपालिकाले तोके बमोजिमहुनेछ।





**ग)** यो कार्यविधि स्वीकृत हुँदाको समयमा कार्यरत स्वास्थ्य स्वयं सेविकाहरु मध्ये ६० बर्ष पुगी उमेर हद लागी अवकाश भएपछी वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभए सम्मका लागी रिक्त स्वयंसेविका पदमा पदपुर्ति गरीने छैन।

**१४.संसोधन गर्नेः-** यस कार्यविधिलाई आवश्यकता अनुसार नगरकार्यपालिकाले संसोधन गर्न सक्नेछ।

**१५.बदर हुनेः-** यस कार्यविधि प्रचलित संघ तथा प्रदेश कानुन संग बाझीएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ।

आज्ञाले
मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



कनकाई राजपत्र